उत्तरगया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

*बागमती प्रदेश, नेपाल*

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा,रसुवा बागमती प्रदेश नेपाल २०७३

च.नं

मिती :-२०७७/०७/१६

## प्रेस विज्ञाप्ती

हाल विश्व भर महामारिको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण क्रमिक रुपमा समुदाय स्तरमा फैलिदै गएको र देशमा हाल लकडाउन पनि हटेको अवस्थामा दशै तिहार जस्ता चाडपर्वले गर्दा मानिसहरुको ओहोरदोहर र सार्वजानिक सवारी साधन निर्वाध रुपमा चलेकोले यस गाउँपालिकामा पनि कोरोना भाइरसका संक्रमितहरु क्रमिक रुपमा बढ्न थालेको अवस्थामा कोभिड-१९ को संक्रमण बाट बच्न नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य मापदण्ड अपनाउने, कोभिड-१९ पोजेटिभ देखिएका संक्रमितहरुले जथाभावि हिडडुल नगर्न र अनुशासित भएर होम आइसोलेसनमा बस्न अनुरोध गरिन्छ । साथै काभिड-१९ को संक्रमण पोजेटिभ देखिएका संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुले पनि तपशिल बमोजिमका स्वास्थ्य सुरक्षाका मापदण्डलाई अपनाइ कोभिड-१९ को संक्रमण समुदाय स्तरमा फैलिनबाट बचाउन सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

### तपशिल

१. एक व्यक्ति र आर्को व्यक्तिको विचमा कम्तीमा २ मिटरको दुरी कायम गर्ने

२. समय समयमा साबुन पानिले हात धुने तथा सेनेटाइजर प्रयोग गर्ने

३. घरबाट बाहिर निस्किदा सहि तरिकाले मास्कको प्रयोग गर्ने

४. ज्वरो आएका वा रुघा, खोकि लागेका व्यक्तिहरुबाट टाढै बस्ने/ र स्वास्थ्यकर्मि संग परामर्श लिने

५. खोक्दा वा हाछ्यु गर्दा नाक मुखलाई टिस्यु पेपर वा कुहिनाले छोप्ने

रविन्द्र ठकुरी

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत